"हाम्रो कला, हाम्रो संस्कृति, मध्यपुर थिमि हाम्रो सम्पत्ति"

स्थानीय सरकार
**मध्यपुर थिमि नगरपालिका**
**Madhyapur Thimi Municipality**
मध्यपुर थिमि, बागमती प्रदेश, नेपाल

पर्यटन विकासको लागि
मध्यपुर महोत्सव
२०८१

# हाम्रो मध्यपुर थिमि



# हाम्रो मध्यपुर थिमि


| | |
|---|---|
| प्रकाशक | **मध्यपुर थिमि नगरपालिका** |
| सल्लाहकार | **सुरेन्द्र श्रेष्ठ** |
| | प्रमुख, मध्यपुर थिमि नगरपालिका |
| | **विजयकृष्ण श्रेष्ठ** |
| | उपप्रमुख, मध्यपुर थिमि नगरपालिका |
| | **रामबहादुर के.सी.** |
| | प्रमुख प्रशासकीय अधिकृत |
| | **कृष्णहरि आचार्य** |
| | नगर प्रवक्ता |
| | **केशव सिलवाल** |
| | वरिष्ठ कानून अधिकृत, महाशाखा प्रमुख, सूचना अधिकारी |
| सम्पादक | जगतकृष्ण प्रजापति |
| लेखक तथा फोटो | रत्नकृष्ण श्रेष्ठ, फोटो पत्रकार, राष्ट्रिय समाचार समिति (रासस) |
| सर्वाधिकार | लेखकमा सुरक्षित |
| कम्पयुटर सेटिङ्ग | विवेक प्रजापति, ९८४९७०९०७० |
| | न्यू साईनो आर्टस एण्ड फ्लेक्स प्रिन्ट लिंक, कौशल्टार |
| मुद्रण | आर. प्रिन्ट पोइन्ट, मध्यपुर थिमि |
| प्रकाशित मिति | २०८१ पौष १२ गते |



## सुरेन्द्र श्रेष्ठ
नगर प्रमुख, मध्यपुर थिमि नगरपालिका

# शुभकामना सन्देश

काठमाण्डौं उपत्यकाको मध्य भागमा अवस्थित मध्यपुर थिमि नगरपालिका पुरातात्विक एवम् साँस्कृतिक मूर्त तथा अमूर्त सम्पदाहरुले भरिपूर्ण मध्यकालिन शहर हो । थिमि र बोदे जस्ता किराँतकालिन बस्तीको साथै नगदेश, तिगनी, निकोशेरा र ल्हौंकिँथु (लोहकिल्थली) लगायतका ऐतिहासिक बस्तीहरु रहेको यस नगरको आफ्नै मौलिक कला, सँस्कृति, पुरातात्विक सम्पदा, परम्परागत पेशा, मनोरम प्राकृतिक सौन्दर्य, मौलिक जीवनशैली रहेको छ ।

यहाँ ७५० को संख्यामा सानाठूला मूर्त एवम् एक सय भन्दा बढी अमूर्त सम्पदाहरु सू-सज्जित रहेको छ । यस नगरपालिकाको ऐतिहासिक ३२ खटको बिस्काः जात्रा, म्ये प्वाः खनेगु जात्रा (जिब्रो छेड्ने जात्रा), लोकेश्वर जात्रा, द्यः प्याखँ (निलबाराही गण नाच), पुलुकिसि जात्रा, महाकाली नाच, भैलः प्याखँ (भैरव नाच), भतिमाली प्याखँ (ईन्द्र अप्सरा नाच), अष्टमातृका नाच विशेष रुपले चर्चित रहेको छ ।

यसैगरी हरियो तरकारी, माटोको भाँडा बनाउने, मुकुण्डो बनाउने जस्ता परम्परागत र मौलिक पेशा रहेको मध्यपुर थिमि तिकिंबजी बजी (चिउरा) को लागि प्रख्यात शहर पनि हो । पछिल्लो समय सेरामिक्सको हबको रुपमा स्थापित बन्दै गइरहेको मध्यपुरको दिव्यश्वरी प्लानिङमा रेष्टुरेन्ट र कोर्चा (राधेराधे) व्यापारिक क्षेत्रको रुपमा विकास भईरहेको छ ।

आधुनिकीकरण तर्फ द्रुत गतिमा अग्रसर रहेर पनि मध्यपुरले आफ्नो कला, सँस्कृति, पेशा, मनोरम प्राकृतिक सौन्दर्य, पुरातात्विक स्मारक र परम्परागत जीवनशैलीलाई आज पर्यन्त जिवन्त राखेको छ ।

यद्यपी यहाँ पर्यटनको विकास हुन सकिरहेको छैन । यसको मूल कारण यहाँको सम्पदा, कला सँस्कृति, पेशा व्यवसाय, रहनसहन र जीवनशैलीलगायतको प्रयाप्त प्रचार प्रसार नहुनु हो, भन्ने हाम्रो ठम्याई रहेको छ । छिमेकी नगर भक्तपुरमा वर्षेनी दुई लाखको हाराहारीमा विदेशी पर्यटक आउने गरेको तथ्यांकलाई मनन गरी भक्तपुर जतिकै प्राचीन र ऐतिहासिक शहर मध्यपुर थिमिमा पनि पर्यटकहरु भित्र्याउन ठोस कदम चालेका छौं ।

यसैवर्ष नगरपालिकाले पर्यटन गुरुयोजना निर्माण गरेको छ । पर्यटनलाई स्थानीय विकासको साझेदार बनाउनु पर्दछ र स्थानीय सम्पदालाई रोजगारी एवम् आयसँग जोडेर अर्थतन्त्रलाई थप गतिशिल एवम् प्रगतिशिल बनाउन सकिन्छ भन्ने अवधारणामा 'मध्यपुर महोत्सव-२०८१' को आयोजना गरिएको छ ।

पर्यटन उद्योगको विकास र विस्तारका लागि मध्यपुरमा थुप्रै पूर्वाधारको निर्माण गर्नु जरुरी रहेको छ । हामी यसतर्फ पनि सचेत छौं । हामीले हाम्रा आवश्यकताहरुको पहिचान गरेका छौं र सोही अनुसार आवश्यक पूर्वाधार निर्माणको चरणमा प्रवेश गरेका छौं ।

'हाम्रो कला हाम्रो सँस्कृति, मध्यपुर थिमि हाम्रो सम्पत्ति' भन्ने मूल नारालाई आत्मसाथ गर्दै नगरपालिकाले यहाँको मूर्त अमूर्त सम्पदाहरुको संरक्षण, पुनःनिर्माणमा ठूलो लगानी गरिरहेको छ । लोप भइसकेका ऐतिहासिक प्याखँ (नाच)मात्र होइन जात्रा पर्वहरुलाई पुनर्जिवित गर्न नगरपालिकाले स्थानीय स्तरमा सहकार्य गर्दै आइरहेको छ ।

मध्यपुरमा पर्यटक भित्र्याउन र पर्यटन उद्योगको विकासका लागि आवश्यक महत्वपूर्ण पाटोहरु मध्ये प्रचार प्रसार र सन्दर्भ सामग्री हो । यसैलाई मनन गरी यहाँको कला सँस्कृति, सम्पदा, जीवनशैली पेशा व्यवसाय, रहनसहन र जीवनशैली, मठमन्दिर, जात्रा पर्वलगायतका तस्विर हरुको संगालो प्रकाशन गर्ने जमर्को गरेका छु । यो पुस्तक मध्यपुर थिमिको समग्र पहिचान बोकेको दस्तावेज बन्ने विश्वास लिएका छु । यो पुस्तकले मध्यपुर थिमि अध्ययन गर्ने र हेर्ने एउटा उत्कृष्ट सन्दर्भ सामग्री बन्ने अपेक्षा लिएको छु ।

यो पुस्तक तयार गर्ने राष्ट्रिय समाचार समिति (रासस)का फोटो पत्रकार रत्नकृष्ण श्रेष्ठ धन्यवादका पात्र हुनुहुन्छ । उहाँको यो योगदानलाई नगरपालिका उच्च सम्मान व्यक्त गर्दछ । मध्यपुर थिमिकै बासिन्दा श्रेष्ठले भविष्यमा पनि यस्तै योगदान दिने अपेक्षासहित हार्दिक आभार व्यक्त गर्दछु ।


जय मध्यपुर !



# मध्यपुर थिमि नगरपालिका

Madhyapur Thimi Municipality

Image acquisition date: 5-6 May 2020



# शुभकामना सन्देश



विजयकृष्ण श्रेष्ठ
नगर उप-प्रमुख, मध्यपुर थिमि नगरपालिका

मध्यपुर शब्दले 'बिचमा रहेको शहर' भन्ने अर्थ जनाउँछ, जुन नाम अनुसारको मध्यपुर थिमिको भौगोलिक परिवेश रहेको छ। काठमाण्डौं र भक्तपुरको मध्यभागमा अवस्थित यो नगरपालिका प्राकृतिक छटा तथा मूर्त-अमूर्त सम्पदाले भरिपूर्ण रहेको छ। धार्मिक आस्था बोकेको काठमाण्डौं उपत्यकाको चार बालकुमारीमध्ये थिमिको बालकुमारी पनि एक हो। त्यस्तै, चार बाराहीमध्ये एक निलबाराही पनि यही नगरपालिकाको उत्तरतर्फको निलबाराही वनमा अवस्थित छ।

यस नगरपालिकामा हिन्दु देवी-देवताका मठमन्दिरदेखि बौद्ध धर्म सम्बन्धित बिहार, चैत्य र पानीका स्रोत ढुङ्गेधारा, पाटीपौवा गरी कुल ७५० को हाराहारीमा मूर्त सम्पदाहरू रहेका छन्। मध्यपुर थिमि नगरपालिकामा हिन्दू र बौद्ध धर्मका मूर्त आस्थाका धरोहरदेखि जात्रापर्वहरू पनि प्रशस्तै पाइन्छ।

त्यस्तै, धार्मिक आस्था बोकेको नृत्यहरुमध्ये निलबाराही गणनाच, भैल प्याखं प्रमुख हुन्, जसको दर्शनका लागि धर्मावलम्बीहरूको घुइँचो लाग्ने गर्दछ। महाकाली नाच, भतिमाली प्याखँ, सलचा प्याखँ, अष्टमातृका, नागाचा प्याखँ, दाफा भजन, नौवाजा, गुँला बाजा, बासुरी बाजा, धिमेबाजा लगायत एक सय भन्दा बढी अमूर्त सम्पदाहरू रहेका छन्।

त्यस्तै, बिस्काः जात्रा, म्ये प्वाः खनेगु (जिब्रो छेड्ने) जात्रा, गाईजात्रा, गाठ्मा चर्हे, बुद्ध जयन्ती, करुणामय जात्रा, दिपंकर जात्रा (पञ्चराँ) ईत्यादी प्रमुख जात्रा र पर्वहरू रहेका छन्।

यहाँको मौलिक पेशा, व्यवसायले पनि मध्यपुरलाई चिनाईरहेको छ। मध्यपुर थिमिको मौलिक पेशा मध्ये माटाका भाँडाकुँडा बनाउने पेशा पनि एक हो। जुन वडा न ५ र ६ को धेरै भागमा फैलिएको छ। जसले पर्यटकहरुलाई आकर्षित गरेको छ भने स्थानियस्तरमा रोजगारी पनि उपलब्ध गराएको छ। अर्को मौलिक पेशाको रुपमा मुकुण्डो बनाउने पेशा पनि रहेको छ। कृषिजन्य वस्तुको उत्पादन तथा टिंगनी बजि पनि मध्यपुरको चिनारीको रुपमा रहेको छ।

यस्ता सम्पूर्ण मूर्त-अमूर्त सम्पदाहरू, मौलिक पेशा व्यवसाय समेत संगालेर 'हाम्रो मध्यपुर थिमि' नामक पुस्तक राष्ट्रिय समाचार समिति (रासस)का वरिष्ठ फोटो पत्रकार रत्नकृष्ण श्रेष्ठको क्यामेराबाट कैद भएका तस्विरहरू मार्फत जन-जनमा जानकारी पुऱ्याउने माध्यम बन्न लागेकोमा खुशी लागेको छ।

२०८१ पुस १२, १३ र १४ गते मध्यपुरलाई पर्यटकीय गन्तव्यको परिचय दिलाउने उद्देश्यसहित सम्पूर्ण मध्यपुर थिमि बासीहरूको सहकार्यमा भव्यरूपमा मध्यपुर महोत्सव मनाउँदै छौं। यही क्रममा हाम्रो यो अभियानलाई जन-जनसम्म पुर्याउन सहयोगी सिद्ध हुने मूर्त-अमूर्त सम्पदा तथा पेशा व्यवसायको उचित परिचय तथा नगरपालिकाको सम्पदा, परम्पराको विषयमा मार्गनिर्देशन हुने, मध्यपुरको पर्यटकीय गन्तव्य कायम गर्न, स्वदेशी तथा विदेशी पर्यटकहरूलाई जानकारी गराउन यस पुस्तकको अहम भूमिका रहने विश्वासका साथ फोटो पत्रकार श्रेष्ठसँगको सहकार्यमा मध्यपुर थिमि नगरपालिकाले यो प्रकाशन प्रकाशित गर्ने जमर्को लिएको हो।

यो पुस्तक प्रकाशित गर्न अहम भूमिकामा रहनु भएका फोटो पत्रकार श्रेष्ठको उत्तोरत्तर प्रगतीको कामना गर्दै यस कार्यमा लाग्नु भएका सम्पूर्णमा हार्दिक धन्यवाद समेत व्यक्त गर्दछु।

जय मध्यपुर !

VShrestha

# सम्पादकीय

मध्यपुर थिमि नगरपालिका किँरात, लिच्छवी तथा मल्लकालीन सभ्यता, संस्कृति, सम्पदाले भरिपूर्ण शहर हो । साँस्कृतिक नाचगानमा पनि यो शहर निकै नै अग्रस्थानमा छ । हामीले अहिले देख्ने गरेका मठमन्दिरहरु कहिले र कसले बनाए होलान् भनेर कमैलाई मात्र थाहा छ । कतिपयले यसको खोज र अध्ययन पनि गरेका छन् र अझैपनि गरिरहने छन् ।

कतिपय ठाउँमा यस्ता सम्पदाहरु मानव अतिक्रमित भएका छन् । जोगाउन पहल गर्णेहरु कम र अतिक्रमण गर्णेहरु धेरै भएको परिवेशमा मध्यपुर थिमि यस्ता सम्पदाहरुको संरक्षणमा अग्रणी रहेको छ ।

मध्यपुरमा किराँत, लिच्छवी तथा मल्लकालीन मठ मन्दिर, पाटी पौवा, बौद्ध बहाःवही, ल्हों हिटी (ढुंगेधारा), पोखरी, इनार छन । ती सबैका आफ्नै महत्व छन् र तिनीहरुले इतिहास पनि बोकेका छन् । हामीले अहिले देखेका यी साँस्कृतिक सम्पदाहरु युगौंदेखि उभिएका छन् । यी सम्पदा हेर्दै हाम्रा थुप्रै पुस्ताहरु बिलाइसके  तर यी सम्पदाहरु जीवित छन । अझै थुप्रै पुस्ताहरुको लागि यी सम्पदाहरुलाई जिवित राख्न आज हामीले आ आफ्नो स्थानबाट योगदान दिन जरुरी छ ।

यही जरुरीलाई आत्मबोध गर्दै मध्यपुर थिमि नगरपालिकाले नगरभित्रका सम्पदा, कला सँस्कृति, पेशा व्यवसाय, जात्रा पर्वहरुको सचित्र पुस्तक तयार गर्णे जमर्को गरेका हो । यस पुस्तकमा सम्पदा, संस्कृति र पुरातत्वको साथसाथै नेवारी समाज, रहनसहन र जनजीविकालाई तस्विरमा प्रस्तुत गरिएको छ । यो पुस्तकले संस्कृति, सम्पदामा संरक्षणमा योगदान दिने छ । यो पुस्तक भावी पुस्ताको लागि मध्यपुरका सम्पदाहरुको परिचय बन्ने विश्वास लिइएको छ ।

यो पुस्तकले मध्यपुरलाई स्वदेशमा मात्र होइन विदेशमा पनि परिचित बनाउन मद्दत पुग्णे छ । यसले मध्यपुरमा पर्यटन विकासमा ठोस योगदान दिने छ । साथै यो पुस्तक मध्यपुरका सम्पदा, कला सँस्कृति, रहनसहन र जीवनशैलीको बारेमा अध्ययन अनुसन्धान गर्णे अध्येताहरुको लागि एउटा सन्दर्भ सामग्री बन्ने पनि विश्वास लिईएको छ ।

यो पुस्तक तयार गर्न लेखकीय भूमिका निर्वाह गर्णे राष्ट्रिय समाचार समितिका वरिष्ठ फोटो पत्रकार रत्नकृष्ण श्रेष्ठलाई विशेष आभार व्यक्त गरिन्छ ।

पर्यटन विकासको लागि
मध्यपुर महोत्सव
२०८१

# लेखकको भनाई



रत्नकृष्ण श्रेष्ठ
लेखक तथा फोटो पत्रकार

काठमाडौं, भक्तपुर र ललितपुरको मध्येभागमा रहेको परम्परागत ऐतिहासिक बस्ती मध्यपुर थिमि एक सांस्कृतिक सहरको रुपमा चिनिन्छ । ईसा पूर्व ३००० मा नै बसोबास रहेको र थिमि सहर पाकिस्तानको ऐतिहासिक सहर "मोहन जो दारो"को सिटीग्रीपसँग मिलेको मध्यपुर थिमिको अनुसन्धानमा तल्लिन व्यक्तित्व डा मोहन मूर्ति पन्तको भनाई रहेको पाइन्छ । सिन्धु सभ्यतासँग मिल्दोजुल्दो यस्ता मापनहरुले मध्यपुर थिमिको ऐतिहासिकता झल्काउछ ।

मध्यपुर थिमिमा पुरातात्विक तथा ऐतिहासिक थुप्रै मूर्त, अमूर्त, कला, संस्कृति तथा सम्पदा रहेको छ । मध्यपुर थिमिमा पम्परागत जीवनशैलीलाई अझै जीवन्त राख्दै आएको छ भने परम्परागत नृत्यहरु समेत लोप हुनबाट बचाउने प्रयास स्वरुप वर्षौंदेखि प्रदर्शनमा आउन छोडेका पराम्परागत नृत्य समेतलाई नियमितरुपमा प्रर्दशनमा ल्याउन थालेका छन् ।

ती कला, संस्कृति, परम्परागत जीवन शैली र सम्पदालाई सहजरुपमा बुझ्न बुझाउने उपयुक्त माध्यम फोटो पुस्तक हुन सक्छ। कति कुरालाई वर्णन गर्न नसकिने अवस्थामा "फोटो आफै बोल्छ" भने भनाई बढी सान्दर्भिक हुन सक्छ । एक हजार शब्दमा व्याख्या गर्न नसकिने विषयवस्तुलाई एउटै फोटोमार्फत सहजै जानकारी गराउन सकिन्छ ।

त्यसैले मध्यपुर थिमिलाई चिनाउने विभिन्न जात्रापर्व, सम्पदा, कला, संस्कृति तथा परम्परागत जीवनशैली, पेशा, व्यवसायको तस्बिरलाई समेटेर यो फोटो पुस्तक प्रकाशन गर्ने जमर्को गरेको छु ।

यस पुस्तकका तस्विरहरुले मध्यपुर थिमिका विविधता र साँस्कृतिक धरोहरलाई सम्पूर्ण रुपमा उजागर गर्ने उद्देश्य लिएको छ । यी तस्बिर हरुले केवल स्थानीय कला संस्कृतिलाई दस्तावेज गर्ने काम मात्र गर्दैन पछिल्ला पिढीलाई समेत आफ्नो परम्परा र संस्कृतिसँग जोडिने प्रेरणाको स्रोतको रुपमा काम गरिनेछ ।

यस पुस्तकले मध्यपुर थिमिको सम्पदाहरुलाई जगेर्ना गर्न, प्रचार प्रसार गर्न, विश्व सामु मध्यपुर थिमिलाई साँस्कृतिक धरोहरको रुपमा परिचित गराउनमा सहयोग पुग्ने र पर्यटकीय प्रवर्द्धनमा टेवा पुर्‍याउने विश्वास लिएको छु ।

यस फोटो पुस्तकमा मध्यपुर थिमिका ऐतिहासिक तथा पुरातात्विक सम्पदा, जात्राहरु, चाडपर्व, परम्परागत नृत्य, परम्परागत जीवनशैली, सीप तथा प्रविधिलगायतको तस्बिरसँगै संक्षिप्त जानकारीहरु समेत्ने कोशिस गरिएको छ । तसर्थ यो पुस्तक मध्यपुर थिमिको चित्रगत चिनारीको रुपमा रहने विश्वास लिएको छु ।

यस फोटो पुस्तकलाई मध्यपुर थिमि महोत्सव २०८१ को अवसरमा प्रकाशित गर्न सहयोग गर्नुभएकोमा मध्यपुर थिमि नगरपालिका, नगर प्रमुख सुरेन्द्र श्रेष्ठ तथा उपप्रमुख विजयकृष्ण श्रेष्ठ, सम्पादन सहयोगी नेपाल पत्रकार महासंघका निवर्तमान अध्यक्ष जगत प्रजापति, केशवचरण श्रेष्ठ, ई. सत्यसुन्दर श्रेष्ठ, बाबुकाजी श्रेष्ठ, ईं. राजेन्द्र श्रेष्ठ, विजय श्रेष्ठ, छोटो समयमै कम्प्युटर डिजाईन गरी पुस्तकका रुपमा तयारी पारी डिजाईन गर्नुहुने न्यू साईनो आर्टस् एण्ड फ्लेक्स प्रिन्ट लिंक कौशलटारका विवेक प्रजापतिलगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभाव तथा संघसंस्थाहरुमा कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

# मध्यपुर थिमि नगरपालिकाको संक्षिप्त परिचय

काठमाडौं उपत्यकाको मध्य भागमा अवस्थित सुन्दर र सानो नगरपालिका हो, मध्यपुर थिमि । वागमती प्रदेश अन्तर्गत भक्तपुर जिल्लामा अवस्थित सुन्दर सानो मध्यपुर थिमि नगरपालिका वि.स. २०५३ साल चैत्र १४ गते तत्कालिन पाँचवटा गा.वि.स.हरु क्रमशः ।, नगदेश, चपाचो, बालकुमारी र लोहकिल्थलीलाई गाभी नगरपालिका घोषणा भएको थियो ।

घोषणा हुँदा १७ वटा वडा रहेको यस नगरपालिका २०७२ को संविधान बमोजिम संघीय संरचनामा राज्यको पुनः संरचनाको क्रममा ९ वटा वडामा विभाजन गरिएको छ । काठमाण्डौ उपत्यकाका १८ वटा नगरपालिकाहरु मध्ये क्षेत्रफलको आधारमा भक्तपुर नगरपालिका पछिको दोश्रो सानो र जनघनत्वको हिसावले दोश्रो धेरै जनघनत्व बसोबास रहेको क्षेत्रको रुपमा यो नगरपालिका रहेको छ ।

११.४७ बर्ग कि.मि.क्षेत्रफल फैलिएको यो नगरको मुख्य भुभाग समुद्री सतहवाट १३२६ मिटरको उचाईमा अवस्थित छ । मध्यपुर थिमि नगरपालिका काठमाण्डौं महानगरपालिका, महालक्ष्मी नगरपालिका, सुर्यबिनायक नगरपालिका, चाँगुनारायण नगरपालिका, भक्तपुर र कागेश्वरी मनोहरा नगरपालिकाको बीचमा अवस्थित छ । यसरी हेर्दा नाम अनुसारको परिवेश मध्यपुर थिमिको रहेको छ ।

मध्यपुर थिमि नगरपालिकाको २०७८ सालको जनगणनाको तथ्यांक अनुसार महिला ६२ हजार ४ र पुरुष ५७ हजार ७ सय ५२ गरी कुल एक लाख १९ हजार सात सय ५६ जनसंख्या रहेको छ ।

मध्यपुर थिमि नगरपालिका किँरात, लिच्छवि तथा मल्लकालीन सभ्यता, संस्कृति, सम्पदा बोकेर अगाडि बढिरहेको शहरको रूपमा परिचित छ । क्षेत्रफलको हिसावले सानो नगर भएता पनि मध्यपुर क्षेत्र मूर्त, अमूर्त सम्पदाले भरिएको छ । मठमन्दिर, पाटीपौवा, पोखरी, ढुङ्गेधारा, चिटिक्क मिलेको बस्तीहरू, चौडा चोकले गर्दा मध्यपुरका पुराना बस्तीहरू अमूल्य सम्पदाको रूपमा रहेका छन् ।

त्यस्तै सयौंको संख्यामा रहेका अमूर्त सम्पदाहरू जस्तैः नाचहरू, बाजागाजा, परम्परा, खानेकुराका परिकारहरू, मौलिक पेशाहरूले गर्दा मध्यपुरलाई अमूर्त सम्पदाको शहरको रूपमा पनि परिचय दिलाएको छ । यो परिचयलाई अक्षुण्ण राख्ने नीति अनुरूप मध्यपुर थिमि नगरपालिकाले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । पुराना मठमन्दिर तथा सम्पदाहरुको जिर्णोद्धार, पुनर्निर्माण, मर्मतदेखि अमूर्त सम्पदाहरूको संरक्षण, सम्वर्द्धन, पुस्तान्तरण तथा अभिलेखीकरणमा मध्यपुर थिमि नगरपालिका लागिरहेको छ ।

आजको दिनमा नेपाल भ्रमणमा आउने अधिकांश पर्यटकहरू हिमाल, पहाड, संस्कृति, सम्पदा हेर्न, त्यसैमा रम्न आउने गर्दछन् । त्यसमध्ये धेरै रुचाउने नछुटाउने संस्कृति मध्ये नेवाः संस्कृति प्रमुख हो । सयौं वर्ष अघिका बस्तीहरू त्यसका उत्कृष्ट इन्जिनियरिङले गर्दा विदेशीलाई लोभ्याउने गर्दछन् । अध्ययन, अनुसन्धान र अन्वेषणको थलोका रूपमा नेवाः बस्तीहरू रहेका छन् ।

वास्तुकला, काष्ठकला, धातुकलाको अद्भुत संगम हामीले नेवाः सभ्यता भित्र पाउँछौं, ती सबै कलाको संगम मध्यपुरमा हामीले प्राप्त गर्न सक्छौं । जसको अद्भुत सौन्दर्यमा विदेशी तथा स्वदेशी पर्यटकहरू मोहित हुने गरेका छन् ।

मध्यपुर थिमि नगरपालिकालाई तीनतिरबाट हनुमन्ते, मनोहरा खोलाले घेरिएको छ । काठमाण्डौं उपत्यकामा हरिया ताजा तरकारी यही नगरपालिकाबाट आपूर्ति हुने गरेको छ । मनोहरा खोला किनारको उर्वर भूमिमा उत्पादित गाजर नेपालभर नै निर्यात हुने गरेको छ । काठमाण्डौं उपत्यकाकै पुरानो थोक तरकारी बिक्रीस्थलको रुपमा वडा नं ७ स्थित नगदेशमा रहेको छ । जहाँ रातको १२:०० बजे देखि बजार लाग्णे गर्दछ । यहींबाट राजधानीका कालिमाटी, टुकुचा, बल्खु लगायतका स्थानमा ताजा तरकारी पुर्याउने गरिन्छ ।

त्यस्तै यहाँको हस्तकला, मौलिक पेशा, व्यवसायले पनि मध्यपुरलाई थप परिचित बनाएको छ । माटाका भाँडाकुडा बनाउने पेशा, मुकुण्डो बनाउने पेशा, काठमा बुट्टा कुँद्ने पेशा, टिंगनी बजि (टिंगनी चिउरा) गेडागुडीको व्यापार यहाँको प्रमुख पेशा व्यवसाय हो ।

वडा नं ५ र ६ मा फैलिएको माटाका भाँडाकुडा बनाउने पेशा जीवित संग्रहालयको रूपमा हामीले पाउँछौं । प्रत्येक घरमा माटोका भाँडाकुडा तथा मूर्ति बनाउँदै गरेको हामी देख्छौं, जुन पेशाले घर घरमा रोजगारी तथा पर्यटकीय सम्भावना पनि बढाएको छ ।

मध्यपुर थिमि क्षेत्र द्रुत गतिमा बस्ती विकास भइरहेको क्षेत्र पनि हो । कमेरोटार जग्गा एकीकरण आयोजना, सिन्टिटार जग्गा एकीकरण आयोजना, दिव्यश्वरी जग्गा एकीकरण आयोजना, मनोहरा जग्गा एकीकरण आयोजना नगरपालिकाबाट सञ्चालित प्रमुख आयोजनाहरू हुन् । हाल राधे राधे क्षेत्र, शंखधर चोक, गट्ठाघर, कौशल्टार, लोहकिन्थली प्रमुख व्यावसायिक क्षेत्रको रूपमा रहेको छ ।



बालकुमारी : मध्यपुर थिमि नगरपालिका वडा नं. ४, क्वलाखु टोलमा अवस्थित प्यागोडा शैलीको ऐतिहासिक क्लालाखु द्यः (बालकुमारी मन्दिर)। मध्यपुर थिमिमा रहेको मध्य पुरानो मन्दिरको रुपमा परिचित करिब ७०० वर्ष पुरानो यो मन्दिर अष्टमातृका अन्तर्गतको एक मन्दिर हो। मध्यपुर थिमिवासीको प्रमुख देवताको रुपमा बालकुमारीलाई लिने गरिन्छ। ऐतिहासिक बिस्का जात्रामा जात्रा गरिने मुख्य देवताको रुपमा मानिन्छ।



सिद्धिकाली (चामुण्डा) : मध्यपुर थिमि ६ सिद्धिकालीमा अवस्थित अष्टमातृकाअन्तर्गत सिद्धिकाली (चामुण्डा) मन्दिर। बिस्का जात्रामा सिद्धिकाली (चामुण्डा)को नेतृत्वमा चोदे गणेद्यः (नील वर्ण), क्वसि इनायद्यः (कोशी इनाए गणेश), चपाचो गणेद्यः (विश्व विनायक), दु इनायद्यः (अष्टनारायण), दिगु इनायद्यः (कुकि इनाय), गांचाननि गणेद्यः, इनायलाछि गणेद्यः (राजगणेश) र सिवाः गणेद्यः, को जात्रा हुने गर्दछ।



क्वाछे द्यः (दक्षिणबाराही) : सूर्यविनायक नगरपालिका वडा नं. ४ अन्तर्गत दक्षिण बाराही स्थानमा अवस्थित क्वाछे द्यः (दक्षिणबाराही मन्दिर) । क्वाछें द्यः मध्यपुर थिमिवासीले मनाईने अष्टमातृका अन्तर्गत पर्ने महत्वपूर्ण मन्दिर हो । हनुमन्ते खोला पारी रहेको प्यागोडा शैलीको यो मन्दिर विसं. २०७२ को भूकम्पबाट क्षति भई पूर्ण रुपमा पहिलाको भन्दा आकर्षक बनाइएको छ ।




सुङ्गा द्यः (विष्णु वीर) : मध्यपुर थिमि वडा नं. ४ सुङ्गा टोलमा अवस्थित अष्टमातृकाअन्तर्गतको सुङ्गा द्यः (विष्णु वीर) मन्दिर। श्री ३ विष्णुबीरको नामले समेत कहलिने यो मन्दिर बालकुमारी मन्दिरको पश्चिमतर्फ रहेको छ। गुम्बज शैलिको यो मन्दिर विसं. २०७२ को भूकम्पबाट पूर्ण रुपमा भत्किएरको र पहिलाकै स्वरुपमा पुनः निर्माण गरिएको छ। बिस्का जात्राअन्तर्गत वैशाख १ गते विष्णु वीरको नेतृत्वमा श्री प्रथम गणेश, वामुने गणेश, गांता गणेश, थाश्वमा गणेशको जात्रा हुने गर्दछ।



महालक्ष्मी द्यः (महालक्ष्मी मन्दिर) : मध्यपुर थिमि वडा नं. ५ चोडे टोलमा अवस्थित अष्टमातृका अन्तर्गत पर्ने महालक्ष्मी द्यः (महालक्ष्मी मन्दिर) । बिस्का जात्रामा महालक्ष्मी मन्दिरको खट जात्रा गर्रिँदैन ।



स्यूचाक्व द्यः (ईन्द्रायणी) : मध्यपुर थिमि ४ ईनायटोलको दक्षिणी भागमा रहेको अष्टमातृका अन्तर्गत पर्ने स्यूचाक्व द्यः (ईन्द्रायणी मन्दिर)।



ब्रह्मायणी मन्दिर : मध्यपुर थिमि ४ भान्सिकोमा रहेको अष्टमातृका गण अन्तर्गत ब्रह्मायणी मन्दिर ।




जला द्यः (रुद्रायणी) मन्दिरः मध्यपुर थिमि ५ जंलाननीमा अवस्थित अष्टमातृका अन्तर्गतको जंलाद्यः रुद्रायणी। यस मन्दिरलाई हरिसिद्धिको नामबाट पनि पुजिने गर्दछ।

अष्टमातृका गणको महत्वः तत्कालिन राज्य सञ्चालन गरेको ठाउँ वा बस्तीमा नगरबासीहरुको दुःख, भय, निवारण तथा शान्ति सुरक्षार्थ बस्तीको आठ दिशामा स्थापना गरेको देवीगणका स्वरुप अष्टमातृका पुजिने गरिन्छ। मध्यपुर थिमिमा बालकुमारी, ब्रह्मायणी, महालक्ष्मी, रुद्रायणी (जंला), सिद्धिकाली (चामुण्डा), ईन्द्रायणी, विष्णुवीर(वैष्णवी), दक्षिण बाराही(बाराही) रहेका छन्।



मध्यपुर थिमिमा हरेक वर्ष मनाइने बिस्का जात्राअन्तर्गत चैतको अन्तिम दिन साँझ विष्णुवीर मन्दिर परिसरमा गुसी छ्वेकेगु गर्दै । बिस्का जात्रा सौर्यमासअनुसार प्रत्येक वर्ष चैतको अन्तिम दिन गुँसिछ्वयकेगु, वैशाख १ गते चान्हसिया जात्रा र वायलिसिया जात्रा अनि २ गते सुथसिया जात्रा धुमधामका साथ जात्रा मनाइन्छ । यस बिस्का जात्रालाई सिन्दुर जात्रा वा ३२ खटको जात्रा पनि भन्ने गरिन्छ ।



बिस्का जात्रा : मध्यपुर थिमिमा हरेक वर्ष मनाइने बिस्का जात्राअन्तर्गत वैशाख १ गते बायलिसिया (साँझको) जात्रामा सुंगाद्यः (विष्णुवीर)को खट कयकूतातर्फ लगिँदै । यहाँबाट खट जात्रा गरेर लग्दा भूतप्रेतलाई थाहा नहोस् भनी कयकूताको पोखरीसम्म सि बाजा (नेवारी परम्पराअनुसार मरेको मान्छे मसानघाट लग्दा बजाउने बाजा) बजाएर लैजाने चलन छ ।



वैशाख १ गते बायलिसिया (साँझको) जात्राअघि बालकुमारी मन्दिरको पूर्वपट्टि रहेको पाटीबाट गुठीयारहरुले योमरी टिनेगु चलनअनुसार नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले योमरी तिंनेगु कार्य गर्दै अर्थात् योमरी बालकुमारी मन्दिरभित्र छिराउने कोशिष गर्दै ।



वैशाख १ गते बायलिसिया जात्राअघि बालकुमारी मन्दिरको पूर्वपट्टि रहेको पाटीबाट बालकुमारी मन्दिरभित्र छिराउने गरी हुत्याएको योमरि समाउन तछाडमछाड गर्दै सर्वसाधारण ।



वैशाख १ गते सिद्धिकाली परिसरमा हुने बायलिसिया (साँझ)को जात्राः सिद्धिकाली (चामुण्डा)को नेतृत्वमा चोदे गणेद्यः (नील वर्ण), क्वसि इनायद्यः (कोसिना गणेश), चपाचो गणेद्यः (विश्व विनायक), दु इनायद्यः (अष्टनारायण), दिगु इनायद्यः (कुकि इनाय), गांचाननि गणेद्यः, इनायलाछि गणेद्यः (राजगणेश) र सिवाः गणेद्यःको जात्रा गरिन्छ।




बिस्का जात्राअन्तर्गत ईनायक्व (सिद्धिकाली) क्षेत्रमा हुने बायलिसिया(साँझ) जात्रा।



बालकुमारीको चान्हसिया जात्रा (रात्रिकालीन) जात्रामा चिलाख बालेर सहभागी हुँदै मध्यपुर थिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ, पूर्व नगरप्रमुखद्वय मदन सुन्दर श्रेष्ठ र मदन कृष्ण श्रेष्ठ।



बालकुमारीको चान्हसिया (रात्रिकालिन) जात्रामा चिलाख बालेर सहभागी हुँदै भक्तजन। घरघरबाट सयौँको सङ्ख्यामा चिलाख बालेर जात्रामा सहभागी हुने प्रचलन छ।



बालकुमारीको चान्हसिया जात्रा (रात्रिकालीन) जात्रामा चिलाख बालेर सहभागी हुँदै। परम्परागत रुपले तयार गरिएको यस्तो चिलाख विरलै देखिन्छ। यो चिलाख बेतबाँसमा कपास, कपडाले बेरेर बनाइएको हुन्छ। पछिल्लो समय ढलौतको चिलाख बढी प्रयोग हुन थालेको छ।



बिस्का जात्राअन्तर्गत वैशाख १ गते बिहान दक्षिण बारहीको गणको जात्रा दक्षिण बाराही मन्दिर परिक्रमापछि शंखधर चोकस्थित मध्यपुर थिमि प्रवेशद्वारबाट प्रवेश गर्दै ।




बिस्का जात्रा : मध्यपुर थिमिमा वैशाख २ गते मनाइने ऐतिहासिक बिस्का जात्रा अन्तर्गत क्वलाखु(बालकुमारी) परिसरमा भएको जात्रा। सिन्दुर जात्रा अथवा ३२ खटको जात्रा भनी प्रख्यात रहेको बालकुमारी क्षेत्रमा हुने जात्रामा क्वलाखु द्यः(बालकुमारी), वालाखुचा द्यः(कालिका), क्वाछे द्यः(दक्षिण बाराही), हिंचो द्यः(हरिसिद्धि), अजिमा द्यः, सुंगा द्यः (विष्णुवीर), पर्सिको गणेद्यः (प्रथम गणेश), वामुने गणेद्यः, गांताः गणेद्यः, दथुत्वाः गणेद्यः, थासमा गणेद्यः, चपाचो क्षेत्रबाट, इनायक्व द्यः सिद्धिकाली (चामुण्डा), चोदे गणेद्यः (नील वर्ण), क्वसिना इनाय द्यः, दु इनाय द्यः (अष्टनारायण), दिगु इनायद्यः, गांचाननि गणेद्यः, सिवाः गणेद्यः, इनायलाछि गणेद्यः (राजगणेश) लगायतको जात्रा हुने गर्दछ।



बिस्का जात्रा : अन्तर्गत वैशाख २ गते क्वलाखु (बालकुमारी) परिसरमा भएको जात्रामा देखिएका विभिन्न खटसँगै छत्रहरू। प्रत्येक खटमा एउटा छत्र रहन्छ।



बिस्का जात्राअन्तर्गत सुथसिया जात्रामा बालिने चिलाखमध्ये मुख्य चिलाख (प्यप्वा मुस्यां) बालेर परिक्रमा गर्दै गुठीयार। प्रमुख देवता बालकुमारीको खट जात्रा अघिअघि यो चिलाख बालेर लैजाने गरिन्छ।



बालकुमारीको सुथसिया जात्रामा स्थानीय युवाहरू भूइसिन्ह (सिन्दुर) एकआपसमा लगाई दिँदै । एकआपसमा सिन्दुर दलेर मित्रभाव दर्शाउनु जात्राको विशेषता हो । यसरी भूइसिन्ह (सिन्दुर) दलेर खेल्ने भएकोले यसलाई सिन्दुर जात्रा पनि भन्ने गरिएको हो ।




वैशाख २ गते सुथसिया जात्राअन्तर्गत लायकू परिसर बाहिर भएको बिस्का जात्रा।




वैशाख २ गते सुथसिया जात्राअन्तर्गत लायकू परिसर भित्र भएको बिस्का जात्रा।



बिस्का जात्राअन्तर्गत वैशाख २ गते चपाचो क्षेत्रमा सिद्धिकाली गणको जात्रा। यस क्षेत्रमा इनायक्व द्यः सिद्धिकाली (चामुण्डा), चोदे गणेद्यः (नील वर्ण), क्वसिना इनायद्यः, दु इनायद्यः (अष्टनारायण), दिगु इनायद्यः, गांचाननि गणेद्यः, सिवाः गणेद्यः, इनायलाछि गणेद्यः (राजगणेश) को जात्रा हुने गर्दछ।



बिस्का जात्राअन्तर्गत वैशाख २ गते चपाचो क्षेत्रमा सिद्धिकाली गणको जात्रा।




बिस्का जात्राअन्तर्गत वैशाख १ गते नगदेशमा भएको सिद्धि गणेश जात्रा ।




बिस्का जात्राअन्तर्गत वैशाख २ गते नगदेशको सिद्धि गणेश जात्रा बाहाखा बजार परिक्रमा गराइँदै ।





बिस्काः जात्रा अन्तर्गत नगदेशमा सिद्धि गणेशको जात्रा ।



बिस्का जात्रा : मध्यपुर थिमि वडा नं ८ बोदे कुमारी पार्कमा वैशाख २ गते भएको महालक्ष्मी गणको खट जात्रा । यहाँ पाचो गणेद्यः, भोरिखा गणेद्यः, गणेद्य, ध्व बाराही, गःसि बाराही, महालक्ष्मी, कुमारीको खट जात्रा हुने गर्दछ ।



बिस्का जात्रा : मध्यपुर थिमि वडा नं ८ बोदे कुमारी पार्कमा वैशाख २ गते भएको महालक्ष्मी गणको खट जात्रा ।



मध्यपुर थिमि वडा नं. ८ बोदेमा वैशाख २ गते बिस्का जात्रासँगै जिब्रो छेड्ने जात्राका क्रममा बुद्धकृष्ण बाग श्रेष्ठ आफ्नो जिब्रो छेड्दै । उहाँले हालसम्म ९ पटक जिब्रो छेडिसक्नु भएको छ ।



मध्यपुर थिमि वडा नं. ८ बोदेमा वैशाख २ गते बिस्का जात्रासँगै जिब्रो छेड्ने जात्राका क्रममा जुजुभाई बास श्रेष्ठ आफ्नो जिब्रो छेड्दै। उहाँले ८ पटक जिब्रो छेडिसक्नु भएको छ।



मध्यपुर थिमि वडा नं. ८ बोदेमा वैशाख २ गते बिस्का जात्रासँगै जिब्रो छेड्ने जात्राका क्रममा सुजन बाग श्रेष्ठ आफ्नो जिब्रो छेड्दै।



बिस्का जात्रा : मध्यपुर थिमि वडा नं. १ लोहकिल्थलीमा हरेक वर्ष वैशाख १ गते मनाइने बिस्का जात्राअन्तर्गत सिद्धिकालीको जात्रा। विसं. २०६७ वैशाख १ देखि यस क्षेत्रमा जात्रा सुरू गरिएको हो।



बिस्का जात्रा : मध्यपुर थिमि वडा नं. १ लोहकिल्थलीमा हरेक वर्ष वैशाख १ गते मनाइने बिस्का जात्राअन्तर्गत सिद्धिकालीको जात्रा। विसं. २०६७ वैशाख १ देखि मात्र यस क्षेत्रमा जात्रा सुरू गरिएको हो।




मध्यपुर थिमि वडा नं. ४ शङ्खधर चोकमा रहेको नेपाल सम्वत्का प्रवर्तक राष्ट्रिय विभूति शङ्खधर साख्वाःको प्रतिमा। ने.सं. ११२१ मा यो प्रतिमा निर्माण गरिएको हो।




मध्यपुर थिमि वडा नं. ४ शङ्खधर चोकमा वि.सं. २०८१ मा निर्माण सम्पन्न गरिएको भा फल्चा ।




मध्यपुर थिमि वडा नं. ४ स्थित शङ्खधर पार्क परिसरमा मध्यपुर थिमिको कला, संस्कृति, सम्पदा तथा जानकारीमूलक सूचना प्रवाह गर्न बनाइएका श्रव्य दृष्य फल्चा ।





पद्मपाणी लोकेश्वर (करूणाय) : मध्यपुर थिमि वडा नं. ४ मरूटोल अवस्थित पद्मपाणी लोकेश्वर (करूणामय)। हाल यो मन्दिर पुनः निर्माण भइरहेको छ।





मध्यपुर थिमि ४ लायकू दरबार (हाल आदर्श माध्यमिक विद्यालय)को मूल प्रवेशद्वार ।




लायकू दरबार : मध्यपुर थिमि ४ लायकू दरबारभित्र रहेको तलेजु मन्दिर। यही तलेजुबाट थिमिको महत्वपूर्ण जात्रा पर्व सञ्चालन हुने र बिस्का जात्राको प्रमुख देवता बालकुमारीको देवता, खाँ पिहावईगु जात्रा निकाल्ने गरिन्छ।



मध्यपुर थिमि ४ गाता टोल (तछुटोल) मा रहेको गांता गणेद्यः (गांता गणेश)। बिस्का जात्रामा विष्णुवीरको गणसँगै यो गणेशको जात्रा गरिन्छ।



दथुत्वा गणेद्यः मध्यपुर थिमि ४ दथु टोलमा रहेको दथुत्वा गणेश मन्दिर। बिस्का जात्रामा विष्णुवीरको गणसँगै यो गणेशको जात्रा गरिन्छ।





प्रथम गणेश : मध्यपुर थिमि ४ पर्सिको टोलमा रहेको प्रथम गणेश मन्दिर। बिस्का जात्रामा विष्णुवीरको गणसँगै यो गणेशको जात्रा गरिन्छ।



वामुने गणेश : मध्यपुर थिमि ४ वामुने टोलमा रहेको वामुने गणेद्यः। बिस्का जात्रामा विष्णुवीरको गणसँगै यो गणेशको जात्रा गरिन्छ।



बाखाछेँ महाद्यः तथा शिवा गणेद्यः : मध्यपुर थिमि ४ शिवाटोलस्थित बाखाछें महाद्यः र शिवा गणेश मन्दिर। मध्यपुर थिमिकै सबैभन्दा पुरानो मन्दिरको रूपमा बाखाछें महादेवलाई लिइन्छ। यो मन्दिर नेपाल सम्वत् ५६१ मा स्थापना गरिएको र ने.सं ११९८ मा पुनः निर्माण गरिएको हो।




विश्वेश्वर महा द्यः (बप्पा महादेव) : मध्यपुर थिमि वडा नं. ४ बप्पास्थित बप्पा महादेव (विश्वेश्वर महादेव)। यो मन्दिर विसं. १९९० सालको महाभूकम्पबाट पूर्ण रूपमा क्षति भई महादेव मूर्तिमात्र बाँकी रहेकोमा गत वर्ष पुनः निर्माण गरिएको हो।



मध्यपुर थिमि ४ दथुटोलबाट विष्णु कुण्डल जाने कयकुतामा रहेको ऐतिहासिक ढोका।



लक्ष्मीनारायण मन्दिर : मध्यपुर थिमि ४ इनायलाछि टोलमा अवस्थित लक्ष्मीनारायण मन्दिर (च्यापा ल्हा द्य :), मनविनायक र ताहा द्यः (भवानी शंकर) ।



नारायण मन्दिर : मध्यपुर थिमि ४ ईनाय लाछि टोलमा रहेको ईनायलाछि गणेद्यः (राज गणेश), चिभा द्यः, नारायण मन्दिरलगायतका सम्पदा। बिस्का जात्रामा राज गणेशको खट सिद्धिकालीको गणसँगै जात्रा गर्ने गरिन्छ।



मध्यपुर थिमि दिगुटोलमा अवस्थित दिगु भैरव (प्रचण्ड भैरव) मन्दिर ।



गुणकीर्ति महाविहार (दिगु बहाल) : मध्यपुर थिमि ५ दिगुटोलस्थित गुणकीर्ति महाविहार। सयौँ वर्ष पुरानो यस महाविहारलाई स्थानीय भाषामा दिगुबहा भन्ने गरिन्छ। यो बहालमा लिच्छवी शैलीको चैत्य र गुरू पद्म सम्भवको मूर्ति रहेको छ। यसको बाहिरी खण्ड गत वर्ष पुनः निर्माण गरिएको हो। मध्यपुर थिमिमा तःबाहा (हेमवर्ण महाविहार), याचिं बाहा, दथु बाहा, जीस्वा बाहालगायत नौ वटा बाहा (विहार) रहेका छन्।



मध्यपुर थिमि ५ भूलांखेलमा रहेको नित्यनाथ मन्दिर र भजन फल्चा । यो फल्चा ३२ वटा थाम राखेर पुनःनिर्माण गरिएको छ ।




मध्यपुर थिमि ५ भूलांखेलमा अवस्थित कृष्ण मन्दिर र वडा नं. ५ को वडा कार्यालय।




चपाचो गणेद्यः (चपाचो गणेश अर्थात् विश्व विनायक) : मध्यपुर थिमि ६ चपाचोस्थित चपाचो गणेद्यः (विश्व विनायक) र त्यस परिसरमा रहेको चैत्य ।



मध्यपुर थिमि ६ चपाचोस्थित थायमा दिगु द्यः (दिगु मन्दिर)।




पाटी बिहार : मध्यपुर थिमि ६ पाचो टोलअवस्थित पाटी बिहार । यो विहार विसं. २०२५ सालभन्दा पहिला भग्नावशेषको रूपमा रहेको थियो । पछि यसको जिर्णोद्वार गरिएको हो ।



गुंगचिभा : मध्यपुर थिमि ७ अवस्थित गुंगचिभा। सुरूमा विभिन्न नौ वटा चिभा द्यः रहेकाले पनि यसलाई गुंगचिभा भनिएको हो।





नीलबाराही मन्दिर : मध्यपुर थिमि ९ टिगनीको जङ्गलबीचमा अवस्थित नीलबाराही मन्दिर । यो मन्दिरको स्थापना मध्यकालमा भएको मानिन्छ । यसलाई हिन्दु र बौद्ध धर्माबलम्बीहरूले पुज्दै आएका छन् ।



विष्णु भगवान् : मध्यपुर थिमि ९ अवस्थित टिगनीमा रहेको विष्णु भगवान्को मन्दिर र चारूमति चैत ।




मध्यपुर थिमि ८ बोदेस्थित लायकू दरबार। बोदे मा.वि. परिसरमा रहेको यस दरबार गत वर्ष पुनः निर्माण सम्पन्न गरिएको हो।



मध्यपुर थिमि ८ बोदेको कमल पोखरी। यस पोखरीमा ढकमक कमलका फूलहरू फुल्ने गर्छन्।



मध्यपुर थिमि ८ अवस्थित कालिका मन्दिर तथा त्यस परिसरमा रहेको पार्क। हाल यस पार्कलाई कुमारी पार्कको रूपमा चिनिन्छ।



मध्यपुर थिमि ८ बोदे विष्णुघाटमा रहेको नारा द्यो (नारायण मन्दिर)।



मध्यपुर थिमि ८ बोदेस्थित महालक्ष्मी मन्दिर। बोदे क्षेत्रको प्रमुख शक्तिपीठको रुपमा रहेको महालक्ष्मी मन्दिरमा बिस्का जात्राको दिन योसिं ठड्याई त्यसमा हलिपत्ता चढाउने परम्परा रहेको छ।



मध्यपुर थिमि ८ बोदे नछुटोलमा रहेको नछुत्वा पोखरी ।



निगुपुखू (दुई पोखरी) : मध्यपुर थिमि ४ मा रहेको निगुपुखू (दुई पोखरी)। यी पोखरी गंगा महारानीले निर्माण गर्न लगाएको कथन रहेको छ। यसको पुनः निर्माण विसं. २०७७ मा गरिएको थियो। मध्यपुर थिमिमा बालकुमारी, वामुने, बप्पा, सिभाः, भुलांखेल, चपाचो, नगदेश, बोदेलगायतका क्षेत्रमा थुप्रै पोखरीहरु रहेका छन्।



नगदेश पोखरी : मध्यपुर थिमि ७ नगदेशको लाछिस्थित नगदेश पोखरी । यो पोखरी विसं. २०७८ मा पुनः निर्माण भएको हो । सो साँस्कृतिक पोखरीमा प्रत्येक वर्षको जनै पूर्णिमाको दिनमा लायकूका प्रधानहरुबाट राँगाको खुट्टा फाल्ने परम्परा रहेको छ ।



मध्यपुर थिमि ४ दथुटोलबाट विष्णु कुण्डल जाने कयकुतामा रहेको ऐतिहासिक धारा ।



मध्यपुर थिमि २ सानो ठिमीस्थित तीन धारा। विगतमा यस धारामा प्रशस्त पानी आउने गरेको भएपनि पछिल्लो समय मुहान सुकेका कारण धारोमा पानी आउन छाडेको छ।



मध्यपुर थिमि ७ नगदेशस्थित सिद्धि गणेश मन्दिरको द्यःछैं (देवता घर) । यहाँ रहेको ऐतिहासिक सुनको झ्याल अभिरूचीपूर्वक अवलोकन गर्नुहुँदै शताब्दी पुरूष एवम् संस्कृतिविद् सत्यमोहन जोशी । यो द्यःछैं नेपाल सम्वत् ९८६ मा निर्माण गरिएको हो ।



मध्यपुर थिमि ७ नगदेशस्थित सिद्धि गणेश मन्दिरको द्यःछैं (देवता घर)। यो द्यःछैं नेपाल सम्वत् ९८६ मा निर्माण गरिएको हो।




सिद्धि गणेश मन्दिर : मध्यपुर थिमि नगरपालिका ७ लाछि टोलस्थित सिद्धि गणेश मन्दिर। बिस्का जात्रामा चैत्र मसान्तदेखि वैशाख २ गतेसम्म ३ दिन जात्रा हुने गर्दछ। साथै येंया पुन्हि (इन्द्रजात्रा)को दिन पनि जात्रा गर्ने गरिन्छ।




नगदेश बुद्ध बिहार : मध्यपुर थिमि ७ स्थित नगदेश बुद्ध बिहार। वि.सं. २०४५ सालमा स्थापित यो बिहारमा हरेक वर्ष असार पूर्णिमादेखि ३ महिनासम्म श्रद्धेय भन्तेहरु वर्षावास बस्ने गर्नुहुन्छ।



विसंतकी (शिलेश्वर महादेव) : मध्यपुर ७ नगदेशको उत्तरतर्फ रहेको विसंतकी (शिलेश्वर महादेव) मन्दिर । यस मन्दिरमा गुँला पर्वमा जनैपूर्णिमाको दिन ठूलो मेला लाग्णे गर्दछ ।



मध्यपुर थिमि १ लोहकिल्थलीस्थित प्रसिद्ध दिव्यश्वरी मन्दिर ।



मध्यपुर थिमि १ लोहैकिल्थलीको दक्षिण क्षेत्रको भित्री भागमा रहेको दक्षिणकाली मन्दिर ।





मध्यपुर थिमि १ लोहकिल्थलीको दक्षिण भाग अवस्थित हनुमन्ते खोलाको किनारामा रहेको राम मन्दिर ।



मध्यपुर थिमि १ लोहकिल्थलीस्थित सरस्वती मन्दिर र ल्वहं किः (ढुंगाको किल्ला)। ल्वहं किः भएकै कारण यस क्षेत्रको नाम ल्वहंकिंथु रहन गएको हो। ल्वंहकिंथु अप्रभंश भई हाल लोहकिल्थलीले परिचित छ।



मध्यपुर थिमि १ लोहकिल्थलीस्थित कोसिना गणेद्यः ।



मध्यपुर थिमि १ लोहकिल्थलीस्थित सिद्धि गणेद्यः (सिद्धि गणेश) मन्दिर ।



मध्यपुर थिमि ३ कौशलटारमा रहेको कुशल भैरव मन्दिर ।




मध्यपुर थिमि ३ गठ्ठाघरमा रहेको नवदुर्गा मन्दिर।



मध्यपुर थिमि १ लौकिन्थलीमा निर्माण गरिएको प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोईलाको ढलौटका पूर्ण कदको प्रतिमा। विसं. २०१६ जेठ १३ गते प्रधानमन्त्री पदमा पदभार ग्रहण गर्नुभएका कोइरालाको १०८ औं जन्मजयन्तीका अवसरमा २०७८ चैतमा यो प्रतिमान स्थापना गरिएको हो।





राष्ट्रिय विभूति शंखधर साख्वाःको प्रतिमा नेपाल सम्वत् नयाँ वर्ष (ने.स ११४४ कछलाथ्व १) को दिन माल्यार्पण गर्नुहुँदै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ।



मध्यपुर थिमि ४ शंखधर चोकमा रहेको नेपाल सम्वत्का प्रवर्द्धतक राष्ट्रिय विभूति शंखधर साख्वाःको प्रतिमा नेपाल सम्वत् नयाँ वर्ष (ने.स ११४५ कछलाथ्व १) को दिन माल्यार्पण गर्नुहुँदै प्रधानमन्त्री केपी शर्मा ओली देउवा। हरेक वर्ष शंखधर प्रतिष्ठानको आयोजनामा नेपाल सम्वत् नयाँ वर्षको अवसरमा सरकार प्रमुखको हातबाट माल्यार्पण हुने गर्दछ।

राष्ट्रिय विभूति शंखधर साख्वाःको प्रतिमा नेपाल सम्वत् नयाँ वर्ष (ने.स ११३८ कछलाथ्व १) को दिन माल्यापर्ण गर्नुहुँदै प्रधानमन्त्री शेरबहादुर देउवा।




राधेराधे : मध्यपुर थिमि ९ मा पर्ने हकुमन्ते खोलासँगैको राधेराधे परिसरमा रहेको राधाकृष्ण मन्दिर। यो मन्दिर सर्वोकृष्ट नेपाली कालो पत्थरबाट द्रविड शैलीमा निर्माण गरिएको अष्टमहासखीसहित नेपालको पहिलो राधाकृष्ण मन्दिर भनी उल्लेख छ। यो मन्दिर २०६५ सालमा निर्माण सम्पन्न गरिएको उल्लेख छ।



मध्यपुर थिमि नगरपालिका ९ निकोशेरास्थित ब्याङ्ग गणेश।




साउन महिनाको कृष्ण पक्षको चतुर्दशीका दिन मध्यपुर थिमिमा मनाउने गथांमुग चह्रे (घण्टाकर्ण पर्व)का दिन नर्कटको गथांमुग (घण्टाकर्ण) लाई घिसारेर खोलामा फाल्न लगिँदै। यस दिन घर घरमा सरसफाई गरिसकेपछि नासपाटी, आरूको बोटको हाँगा, कर्कलो, सिस्नुको हागासहित छ्वाली बालेर भुत पन्छाइने परम्परा रहेको छ। छ्वासमा राखिएका छ्वाली सङ्कलन गरेर गथांमुग तानेर लाने दोबाटो, चौबाटोमा बाल्ने चलन रहीआएको छ।



गथांमुग चह्रेको दिन गथांमुग (घण्टाकर्ण)लाई खोलामा फाल्छ लगिसकेपछि बालकुमारी पोखरीमा राँगाको खुट्टा फाल्ने परम्परा रहेको छ। सोही परम्परा अनुसार मध्यपुर थिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ, वडा नं. ४ का वडाध्यक्ष बालकृष्ण श्रेष्ठले त्वाना तिनेगु गरिँदै । परम्पराअनुसार पोखरीमा फालेको खुट्टा पौडीवाजहरूले टिपेर ल्याउने र केही रकम लिएर बेच्ने र किन्नेले पुनः त्यही पोखरी फाल्ने र टिपेर पुनः फाल्ने परम्परा रही आएको छ।



प्रत्येक वर्ष साउन शुक्ल प्रतिपदा (गुँला पारु)देखि शुरु हुने एक महिने गुँला पर्वका अवसरमा मध्यपुर थिमि नगरपालिका ७, नगदेशका धर्मावलम्बीहरु बाजागाजासहित नगर परिक्रमा गर्दै ।



प्रत्येक वर्ष साउन शुक्लप्रतिपदादेखि शुरु हुने गुँला पर्वका अवसरमा मध्यपुर थिमि ४ दुई पोखरीमा न्येकु बाजा बजाएर सहभागीता जनाउँदै मानन्धर समुदाय। १ महिनासम्म बिहान विभिन्न मठमन्दिर परिक्रमा गरी गुँला पर्व मनाउने गरिन्छ।




सापारू (गाई जात्रा)का दिन मध्यपुर थिमिमा मृतकहरूको सम्झनामा गाईको भेषधारण गराई बाजागासहित नगरपरिक्रमा गराइँदै मृतकका आफन्त । यस दिनलाई सापारू पर्वको रूपमा मनाउने गरिन्छ ।



भैल प्याखँ (भैरव नाच) : गाईजात्राको भोलिपल्टदेखि चारदिनसम्म बेलुका प्रदर्शन गरिएको लायकू भैरव नाच। भैरव नाचमा दुई जना भैरव, दुई जना डागीं र एक जना ज्यापुगचा हुन्छ। फरकफरक वर्षमा मध्यपुर थिमिमा लायकू, ताहाननी, चपाचो र नगदेशबाट प्रदर्शनी गरिसकेको छ।




भैरव प्याखँ (भैरव नाच) : गाईजात्राको भोलिपल्टदेखि चार दिनसम्म बेलुका प्रदर्शन गरिएको लायकू भैरव नाच। उपराष्ट्रपति नन्दबहादुर पुन २०७९ साउन २८ गते लायकू भैरव नाच अवलोकन गर्नुहुँदै।



भैरव प्याखँ (भैरव नाच) : गाईजात्राको भोलिपल्टदेखि चार दिनसम्म बेलुका चपाचोबाट (२०८०) प्रदर्शन गरिएको भैरव नाच ।




निलबाराही नाच : मध्यपुर थिमि ८ बोदेमा गाईजात्राको भोलिपल्ट निलबाराही नाच प्रदर्शन गरिँदै । चार दिनसम्म चल्ने नाचमा भैरव १, कुमारी ४, बाराही ४, सिंह ४, द्वारपाल २ र गणेश चार गरी १९ देवगणको नाच प्रदर्शन हुनेगरेको छ ।



निलबाराही नाच : मध्यपुर थिमि ८ बोदेमा गाईजात्राको भोलिपल्ट निलबाराही नाच प्रदर्शन गरिँदै । चार दिनसम्म चल्ने नाचमा भैरव १, कुमारी ४, बाराही ४, सिंह ४, द्वारपाल २ र गणेश चार गरी १९ देवगणको नाच प्रदर्शन हुनेगरेको छ ।



गाईंजात्राको दिनदेखि चार दिनसम्म मध्यपुर थिमिको विभिन्न ठाउँमा प्रदर्शन गरिने महाकाली नाच। महाकाली नाचमा महाकाली, महालक्ष्मी, देवी, सिंह, बेता चार जना, कवां दुई, भूतभैरव दुई, ख्याक दुई र माक एक गरी १५ जना कलाकारहरू रहन्छन्। फरकफरक वर्षमा यो नाच दिगुटोल, भूलांखेल, चपाचो, नगदेशलगायतका क्षेत्रबाट प्रदर्शनीमा ल्याइने गरिन्छ।



महाकाली नाचका देवगणलाई सगुन दिँदै ।




महाकाली नाचका प्रमुख देवता महाकाली नाच्दै ।



ईन्द्र अप्सरा नाच : गाईंजात्राको दिन ईन्द्र अप्सरा नाच प्रदर्शनी गर्दै । महाभारत कथाअन्तर्गत पाण्डव गुप्तवास हुँदाको बखतलाई आधारमा बनाएर यो नाच प्रदर्शन गरिन्छ। यो नाचमा वसुवा (गोप्रादी,) राजकुमार र तीन जना अप्सरा रहन्छन् ।



मयूर नाच : मध्यपुर थिमि नगदेशबाट मात्र प्रदर्शनी हुने मयुर नाच। यो नाच महाकाली नाचको अन्तिममा नचाउने परम्परा रहेपनि पछिल्लो समय आवश्यकता अनुसार जहाँ पनि नचाउने गरिन्छ।



मध्यपुर थिमि दिगु टोलबाट प्रदर्शनीमा ल्याउने अष्टमातृका नाच । यो नाच संविधान दिवसको दिन टुँडिखेलमा प्रदर्शन गरिएको थियो ।





गाईं जात्राको अवसरमा मध्यपुर थिमि ५ पोबुबाट प्रदर्शनी हुने सलाचा प्याखँ प्रदर्शन गर्दै । महाभारत कथा अन्तर्गत पाँच पाण्डवको गुप्तवास लडाईमा आफूहरुको जितपछि घोडा चढेर फर्किएको कथाको आधारमा यो नाच तयार पारिएको मानिन्छ ।




थिमि जिब्रो छेड्ने जात्रा : येयाँ पुन्हिको दिन साँझ मध्यपुर थिमि ५ दिगु भैरव मन्दिर परिसरको डबलीमा जिब्रो छेड्दै बालकराम नानी श्रेष्ठ । जिब्रो छेडेर १७ वटा दीपसहित चन्द्राकार भ्ये बोकेर नगरपरिक्रममा गर्दै । विसं. २०८० मा उहाँले जिब्रो छेडी भ्ये बोकेर काठमाडौँको पशुपति, गुहेश्वरी परिक्रमा गरेर पुनः बालकुमारी मन्दिरमा समापन गरिएको थियो । यस अघि यस क्षेत्रमा कृष्ण नानीचा श्रेष्ठले पनि जिब्रो छेडिसक्नुभएको छ ।



थिमि जिब्रो छेड्ने जात्रा : येयाँ पुन्हिको दिन साँझ मध्यपुर थिमि ५ दिगु भैरव मन्दिर परिसरको डबलीमा जिब्रो छेड्दै वीरेन्द्रभक्त गजू श्रेष्ठ । जिब्रो छेडेर १७ वटा दीपसहित चन्द्राकार भ्ये बोकेर नगरपरिक्रममा गर्दै । विसं. २०८१ मा उहाँले जिब्रो छेडी भ्ये बोकेर काठमाडौँको पशुपति, गुहेश्वरी परिक्रमा गरेर पुनः बालकुमारी मन्दिरमा समापन गरिएको थियो । पछिल्लो समय यस क्षेत्रमा बालकराम श्रेष्ठ, कृष्ण नानीचा श्रेष्ठले पनि जिब्रो छेडिसक्नुभएको छ ।



दिपंकर जात्रा : थिमि पञ्चदानका दिन पञ्चदान लिईसकेपछि दिपंकरको जात्रा हुने गर्दछ। मध्यपुर थिमि ४ मरूटोलबाट सुरू हुने दिपंकर जात्रा बालकुमारी, दुई पोखरी, दिगुटोल, चपाचो, बाहाखा, नगदेश, बोदे हुँदै सोही स्थानमा आएर समापन हुने गर्दछ।



हरेक वर्ष पापांकुश एकादशी (दशैको भोलिपल्टको एकादशी)का दिन मध्यपुर थिमिको लायक्‌कूबाट सुरू हुने खाःपिहावईगु जात्रामा लायक्‌कू तलेजुबाट भगवती, बालकुमारी, महेश्वरी, गणेश, भैरव मूर्तिसहित जात्रा गर्दै ।



हरेक वर्ष पापांकुश एकादशी (दशैको भोलिपल्टको एकादशी)का दिन मध्यपुर थिमिको लायकूबाट सुरू हुने खाःपिहावईगु जात्रा अर्थात् भुईफःसी (कुभिन्डो) काट्नेको लागि पूजाआजासाथ तयार गर्दै।





हरेक वर्ष पापांकुश एकादशी (दशैको भोलिपल्टको एकादशी)का दिन मध्यपुर थिमिको लायूकूबाट सुरू हुने खाःपिहावईगु जात्रा अर्थात् भुईफःसी (कुभिन्डो) काट्नेको सुरक्षार्थ खटेका कुटु थरका सेनाहरू। बालकुमारी परिसरमा भूईफःसी (कुभिन्डो) सुरूमा लायकू पमाबाट काट्ने त्यस पछि अरू सेनाले काट्ने चलन रहेको छ।



नवदुर्गा नाच : भक्तपुरको प्रसिद्ध नवदुर्गा नाच मध्यपुर थिमिमा नचाइँदै । योमरी पुन्हिको दिन अपरान्ह दिगु भैरव मन्दिर परिसरमा ल्याएर नचाएपछि सुरू हुने नवदुर्गा नाच मध्यपुरको विभिन्न ठाउँमा एक हप्तासम्म नचाइन्छ ।



मध्यपुर थमि ४ दथुटोलमा नवदुर्गा नाच नचाइँदै ।



सकिमना पुन्हीको दिन बालकुमारी भजन खलःद्वारा मन्दिर परिसरमा भजन गर्दै भजनमा हलिमलि व्ययेगु भनी मकै, भटमास, गहू, गेडागुडी, मुलालगायत फलफूल तथा योमरी बनाएर भजनमा चढाउने गरिन्छ।




गाईजात्राको अवसरमा लाखे नाच नचाइँदै ।



पुलुकिसी नाच : मध्यपुर थिमिमा सि पुन्हि (स्वस्थानी व्रत कथा समापन पूर्णिमा)का दिन प्रदर्शनी हुने पुलुकिसी नाच प्रदर्शन गरिँदै ।







माधवनारायण : पुलुकिसी नाच सँगै माधवनारायणको ब्रत बस्ने ब्रतालुहरू माटोको कलात्मक तीन वटा कलश छ्वालि जडित सहश्रधारा टाउकोमा बोकेर ल फयेगु (पानी थाप्दै) गरिँदै। टाउँमा राखिएका कलशमा ब्रतालु महिलाहरूले पानी राखिदिने परम्परा रहिआएको छ।



मध्यपुर थिमि बाहाखा बजार अवस्थित मध्यपुर माक्स(मुकुण्डो) मेकिङका प्रोप्राईटर सोम तामाङ मुकुण्डोमा कलर गर्दै । कालो माटो, नेपाली कागज, कपडा, तथा केही केमिकल राखेर मुकुण्डो बनाइन्छ ।



मध्यपुर थिमि ७ नगदेशका वाध्यवाद तथा महाकाली नृत्यका गुरू भक्तबहादुर घजू आफ्ना छोरा तथा नातिलाई मृदङ्ग बाजा सिकाउँदै ।



मध्यपुर थिमि ६ नासननीमा माटोको भाँडाकुँडा बनाउन मेसिनबाट माटो मुस्दै स्थानीय परिवार।



मध्यपुर थिमि ६ चपाचोमा चर्खा काट्दै एक महिला।



मध्यपुर थिमि ६ चपाचो क्षेत्रमा बनाइएको माटोको भाँडाहरु बेच्न हिँडेका स्थानीयहरु।



मध्यपुर थिमि ६ सिद्धिकाली मार्गमा आधुनिक माटोको गमला बनाएर रङ्ग्याउँदै एक युवा। माटाको गमला बनाईसकेपछि सुकाएर रातोमाटो र केमिकल राखेर कलर लगाउने र पछि भट्टिमा पोल्ने गरेमा गमला राम्रो हुनेछ।



मध्यपुर थिमि ६ चपाचो टोलमा माटोको गमला बनाउँदै गरेका स्थानीयलाई प्रोत्साहन गर्दै नगर उपप्रमुख विजयकृष्ण श्रेष्ठ ।



मध्यपुर थिमि ६ पाचो टोलमा नान रोटीका लागि माटोको घ्याम्पो बनाउँदै एक युवा ।



मध्यपुर थिमि ६ पाचो टोलमा माटोको गमला बनाउँदै एक युवा । यस क्षेत्रका अधिकांश परिवार माटोका विभिन्न प्रकारका भाँडाकुँडा बनाउने काममा तलिन हुन्छन् ।



मध्यपुर थिमि ६ सिद्धिकाली मार्गका एक युवा माटोको गमला बनाउँदै ।



मध्यपुर थिमि ६ चपाचो वाचुननीका एक युवा माटोबाट सेरामिक्सको भाँडाकुँडा बनाउँदै ।



बज्रबाराहीको पौभाचित्र कोर्दै मध्यपुर थिमिका चित्रकार सुन्दर श्रेष्ठ । उक्त चित्र तयार गर्न करिब पाँच महिना लाग्छ ।



धानको बीउ राख्दै किसान : मध्यपुर थिमिका किसान धानको बीउ राख्दै । असारमा रोप्ने बीउ जेठमा राखिन्छ ।



भक्तपुरको मध्यपुर थिमिका किसान परिवार खेत रोप्न बीउ उखेल्दै ।



रोपाई गर्दै कृषक परिवार



मेसिनद्वारा धान झार्दै कृषक परिवार ।



मध्यपुर थिमि ७, नगदेशका कृषक आफ्नो बारीमा फलेको क्याबेज बजार लाने तयारी गर्दै। क्याबेज कोरियन तथा चाईनिज खानाका लागि प्रयोग गरिन्छ।



चुकन्दर उखेल्दै किसान : मध्यपुर थिमि गठ्ठाघरमा व्यावसायिक खेतीको रूपमा लगाइएको चुकन्दर उखेल्दै किसान। सलादको रूपमा खाइने चुकन्दर यस क्षेत्रमा बढी लगाइने गरिन्छ।



दिव्यश्वरी प्लानिङ्ग : मध्यपुर थिमि २ दिव्यश्वरी प्लानिङ्गमा गाजर खेतीमा काम गर्दै कृषक।



साग मुठा बाध्दै : मध्यपुर थिमि ७ पर्सिको टोलमा बिक्री गर्न लानका लागि सागको मुठा बाध्दै किसान परिवार।



व (बारा) बनाउँदै । बारा बनाउँदै मध्यपुर थिमिका महिला । सिथि नखःका दिन मध्यपुर थिमिका हरेक परिवार मास, मुगिलगायतका बारा बनाएर खाने गरिन्छ ।

## रत्नकृष्ण श्रेष्ठ

| | |
|---|---|
| ठेगाना | : मध्यपुर थिमि ४, लाछिटोल |
| जन्म | : विसं. २०३० मंसीर १० |
| बुबा | : हरिलाल श्रेष्ठ |
| आमा | : श्रीलक्ष्मी श्रेष्ठ |
| पेशा | : फोटो पत्रकारिता (राष्ट्रिय समाचार समिति (रासस)) |
| फोन नं. | : ०१६६३२६५५, ९८४१३७५८७९ |
| भ्रमण | : भारत, चीन, दक्षिण सुडान, युगाण्डा |
| सम्मान/पुरस्कार | : नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा भक्तपुर (२०७१) |
| | : नेवाः पत्रकार राष्ट्रिय दबू, बाबुराजा ज्यापु फोटो पत्रकारिता सिरपा २०७६ |
| | : समय समाज साप्ताहिक, क्रियाशील पत्रकारिता सम्मान २०७६ |
| | : राष्ट्रिय समाचार समिति उत्कृष्ट फोटो पुरस्कार (२०७५ र २०७९) |
| | : नेपाल पत्रकार महासंघ जिल्ला शाखा, मैयादेवी शिल्पकार स्मृति पुरस्कार |
| | : राष्ट्रिय फोटो पत्रकार समूह, हरिगोपाल प्रधान फोटो पत्रकारिता पुरस्कार २०८० |
| | : मध्यपुर सञ्चार समाज, थेम्मृङ पत्रकारिता पुरस्कार २०८० |
| | : नमस्ते ख्वप टेलिभिजन, सम्मान २०८० |
| फोटो प्रदर्शनी | : मित्र राष्ट्र चीन भ्रमणका क्रममा बेईजिङमा दुई पटक एकल फोटो प्रदर्शनी |
| | : काठमडौँको पर्यटन बोर्ड र बसन्तपुर डबलीमा थिमिको ऐतिहासिक बिस्का जात्रासम्बन्धी फोटो प्रदर्शनी |
| | : मध्यपुर थिमिको विभिन्न ठाउँमा ऐतिहासिक सम्पदा, संस्कृति तथा जात्रा पर्व सम्बन्धी फोटो प्रदर्शनी |
| | : नेपाल रेडक्रस सोसाईटी मध्यपुर थिमि शाखाको आयोजनामा विसं. २०७२ मा गएको महाभूकम्पबाट भएका क्षतिसम्बन्धी एकल फोटो प्रदर्शनी |
| आबद्ध संस्था | : स्फेक |
| | शंखधर बचत तथा ऋण सहकारी संस्था लि., पूर्व अध्यक्ष |
| | नेपाल रेडक्रम सोसाइटी मध्यपुर थिमि शाखा, आजीवन सदस्य, |
| | नेपाल क्षयरोग निवारण जिल्ला शाखा, भक्तपुर आजीवन सदस्य |
| | नेपाल पत्रकार महासंघ, जिल्ला शाखा |
| | ओसला नेपाल, मध्यपुर थिमि |
| सुझावका लागि ईमेल | : ratnakshrestha@gmail.com, rssratnakshrestha@gmail.com |


बिस्का जात्रा
मध्यपुर थिमि, बालकुमारी